प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३०६ ॥ २०८२ पुष २३ गते बुधबार (7th Jan 2026 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# मस्जिद निर्माणको विषयमा झापामा विवाद निम्तिदैं

कुमरखोद, पुष २२ । मधेस प्रदेशमा मस्जिद भत्काएको विषयमा साम्प्रदायिक तनाव बढेको बेला झापामा पनि मस्जिदकै विषयमा विवाद निम्तिन खोजेको छ । यसअघि पनि सामाजिक सद्भाव विथोल्न खोज्दा एकापसमा मिलाइएको दक्षिणी सीमावर्ती झापा गाउँपालिकामा मस्जिद निर्माणको विषयलाई लिएर विवाद निम्तिन खोजेको हो ।

झापा गाउँपालिकाका एक व्यक्तिले मस्जिद निर्माणका लागि जग्गा दान दिने भएपछि विवाद उत्पन्न भएको हो । झापा गाउँपालिका वडा नं ४ बस्ने नजरुल शेखले डिल्लीराज माध्यमिक विद्यालयनजिकै हुलाकी राजमार्गसँग जोडिएको दक्षिणी भागमा मस्जिदका लागि जग्गा दिने भएका हुन् । उनले आफूले किनेको १ कठ्ठामध्ये आधा जमिन मस्जिदका लागि दान दिने बताइएको छ । तर, हिन्दु समुदायका व्यक्तिहरुले त्यस ठाउँमा मस्जिद बनाउन नदिने भएका छन् । गत आइतवार झापा बजारमा रहेको दुर्गा मन्दिरमा हिन्दु समुदायका व्यक्तिहरुको बैठक बसी त्यहाँ कुनै पनि हालतमा मस्जिद बनाउन नदिने निर्णय गरेका छन् ।



स्थानीय अगुवा विरेन्द्रकुमार गणेशले त्यहाँ मस्जिद बनाउन नदिने बताए । 'उनीहरुको आफ्नो समुदायमा गएर मस्जिद , मदरसा बनाओस् हामीलाई कुनै आपति छैन' उनले भने ,'यहाँ न त उनीहरुको समुदाय छ न कसैको घर नै ।' उनले धर्मको नाममा मस्जिद बनाउने भनेर विवाद उत्पन्न गर्न खोजेको आरोप लगाए ।

मस्जिद बनाउन नदिने भनेर स्थानीयहरु गत साता वडा नं ४ को वडा कार्यालयमा डेलिकेशन गएका थिए । वडा अध्यक्ष ताहिर मुल्वीले मस्जिद निर्माणको विषयलाई लिएर विवाद नगर्न अनुरोध गरेका थिए । उनले विवादित भएको ठाउँमा मस्जिद नबन्ने र बनाउन पनि नहुने बताउँदै जग्गादातासँग भेटेर यो विषयमा छलफल गर्ने आश्वासन दिएका थिए ।

विश्व हिन्दु परिषद झापा गाउँपालिका जनसम्पर्क प्रमुख भीम घोसीनेले हिन्दु समुदायको ठाउँमा मस्जिद नबनाउन आग्रह गरेका छन् । उनले यदि बलजफ्ती गरी मस्जिद बनाए अप्रिय घटना हुनसक्ने चेतावनी दिएका छन् । यहि विषयलाई लिएर विश्व हिन्दु परिषद नेपालले झापा गाउँपालिकासँग समन्वय गरिरहेको विरेन्द्रकुमार गणेशले बताए । उनले केहि दिनभित्रमा नै संघर्ष समिति बनाउने जानकारी दिएका छन् ।
धनुषाको कमला नगरपालिका-६ सखुवा मरानस्थित मस्जिदमा शनिबार राति भएको तोडफोडका विषयमा मधेस प्रदेशमा तनाव जारी रहेको छ ।

# वीरगन्जमा कर्फ्यु हटाइयो

वीरगन्ज । सर्वदलीय तथा सर्वपक्षीय बैठकले विगत केही दिनदेखि वीरगन्जमा भइरहेको विरोध प्रदर्शन अबदेखि नगर्ने सहमति गराएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा मंगलवार बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको 'कर्फ्यु' पनि दिउँसो ३:३० बजेदेखि हटाइएको हो । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अन्य मुलुक वा स्थानमा घटेका घटनालाई लिएर वीरगन्जमा प्रदर्शन तथा आन्दोलन नगर्ने प्रतिबद्धता गरेसँगै कर्फ्यु हटाउने निर्णय भएको जानकारी दिए ।
"यहाँका दुई समुदायबिच सहमति र यहाँको शान्तिसुरक्षाको अवस्था सहज बन्दै गएपछि कर्फ्यु हटाउने निर्णय गरेका हौं," उनले भने, "अब यहाँको जनजीवन सामान्यतर्फ उन्मुख भइरहेको छ ।"
सो बैठकले आन्दोलनरत पक्षले विरोध प्रदर्शन गर्नुअघि प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिई प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र पेस गर्न जोड दिने, तत्पश्चात् मात्र आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको बताइएको छ ।
"भविष्यमा हुन सक्ने धार्मिक, सामाजिक, सद्भाव विरुद्धका गतिविधिहरूलाई नियन्त्रण गर्न तथा आवश्यक कानुनी कारबाहीका लागि सिफारिस गर्न जिल्लास्थित क्रियाशील राजनीतिक दलहरू एवं विभिन्न धार्मिक समुदायका अगुवाहरू रहने तपसिल बमोजिमको स्थायी सद्भाव संयन्त्र गठन गर्ने निर्णय भएको छ," उनले भने ।

प्रजिअ दाहालका अनुसार सो स्थायी सद्भाव संयन्त्रमा हिन्दु समुदायका तर्फबाट रञ्जित साह, रञ्जन सिंह रहने छन् ।
त्यसैगरी, मुस्लिम समुदायका तर्फबाट महमद महबुब अलि (शेरु) र अलि असगर मदनी रहने छन् ।
सो सर्वपक्षीय तथा सर्वदलीय बैठकले अन्य धार्मिक समुदायबाट पनि आवश्यकता अनुसार प्रतिनिधित्व र जिल्लास्थित राजनीतिक दलहरूका तर्फबाट एक, एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।
त्यसैगरी, सोही संयन्त्रमा नेपाल पत्रकार महासंघका अध्यक्ष तथा नागरिक समाजको प्रतिनिधि सदस्य रहने छन् ।
सो बैठकले सबै प्रकारका सञ्चारकर्मीहरूलाई समाचार सम्प्रेषण गर्नुपूर्व धार्मिक, सांस्कृतिक, सामाजिक सद्भावमा खलल नपुग्ने गरी समाचार सम्प्रेषण गर्न अनुरोध गर्ने पनि निर्णय गरेको छ ।
त्यसैगरी धार्मिक, सांस्कृतिक, सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह, आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने बताइएको छ ।
साथै सबै पक्षले आ-आफ्नो, समूहका तर्फबाट भएका कमजोरीको मनन गर्दै आ-आफ्नो समुदायका व्यक्तिलाई अनुशासन र आत्मसंयम तथा सद्भाव कायम राख्न प्रतिबद्धता व्यक्त गर्ने निर्णय भएको छ ।
सो बैठकले विद्यमान परिस्थितिलाई सहज बनाउन सबैले आ-आफ्नो स्थानबाट सक्रिय र सकारात्मक भूमिका निर्वाह गर्दै थप विरोध कार्यक्रमहरू नगर्ने पनि निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# भाच्चिएको बिरिङ पुल पुनर्निर्माण गर्न ३५ करोड बजेट



झापा, पुष २२ । दुई वर्षअघि भाच्चिएको अर्जुनधाराको बिरिङ पुल पुनर्निर्माण गर्न ३५ करोड रुपैयाँ बजेट स्वीकृत भएको छ । लामो प्रतीक्षा र अथक प्रयासपछि अर्जुनधारा वडा नं ७ लाई वडा नं ४ र १ संग जोड्ने शनिश्चरे -खुदुनावारी सडकको विरिङ खोलामा भाच्चिएको पुल पुनर्निर्माणका लागि सो बजेट स्वीकृत भएको हो । ठेक्का प्रकृया तत्काल अगाडि बढाउने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । सभामुख देवराज घिमिरे सुरूवातदेखि नै अत्यन्त चासोका साथ लागेर यो विषयलाई टुङ्गोमा पुऱ्याउन सफल बनेको उनका स्वकीय सचिव केशवराज ढुंगेलले बताएका छन् ।

# १२३ ग्राम ब्राउनसुगरसहित बिर्तामोडमा एक कारोबारी पक्राउ

झापा, पुष २२ । ठूलो परिमाणमा लागूऔषध ब्राउनसुगरसहित बिर्तामोडमा एक कारोबारी पक्राउ परेका छन् । मंगलवार दिउँसो १.३० बजे बिर्तामोड वडा नं १ सूर्यनगर टोल काली मन्दिर बस्ने ४० वर्षीय अजय राजवंशी ठूलो परिमाणमा लागूऔषधसहित पक्राउ परेका हुन् । राजवंशीको घर कोठामा लागूऔषधको कारोवार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोड र लागूऔषध ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्दा राजवंशीको साथबाट र घरभित्र लुकाई छिपाई राखेको प्लास्टिकसहित १३१ ग्राम ३६० मिलिग्राम र प्लास्टिकबाहेक १२३ ग्राम १८० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । त्यस्तै नेपाली नोट २ लाख ६७ हजार,भारतीय नोट रु.२९ हजार ५०० ,डिजिटल तराजु थान-१, कैंची थान-१, चक्कु थान-१, मोबाईल थान-२ समेत फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा राखिएको छ । बिर्तामोडमा अहिलेसम्मकै ठूलो परिमाणमा ब्राउनसुगर फेला परेको जनाइएको छ । राजवंशीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले जानकारी दिएका छन् । त्यस्तै दमक ८ मा रहेको कञ्चनजंघा होटलबाट लागूऔषधसहित तीनजना पक्राउ परेका छन् । सोमवार दिउँसो १ बजेतिर कञ्चनजंघा होटलको कोठा नं. ८ मा लागूऔषधको कारोवार हुँदै गरेको विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उक्त कोठामा खानतलासी गरेको थियो । त्यसक्रममा मोरङ मिक्लाजुङ ३ बस्ने बर्ष १९ की मनिका राई, दमक १ बस्ने बर्ष २६ का सुरज कुमाल र सोही ठाउँ बस्ने बर्ष ३१ का कृष्णबहादुर श्रेष्ठ लागूऔषधसहित पक्राउ परेका थिए । कोठामा विभिन्न दरको नगद ३३ हजार, प्लाष्टिकबाहेक ६ ग्राम ७८० मिलिग्राम ब्राउनसुगर बरामद गरी तीनै जनालाई इप्रका दमकमा ल्याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



# झापामा बालबालिका हराउने क्रम डरलाग्दो

**लक्ष्मी उप्रेती**

मेचीनगर । झापा जिल्लाबाट वर्षेनि दुई सयभन्दा बढी बालबालिका हराउँछन् । हराएका धेरै फेला नै पर्दैनन् । हराउनेमा बालकभन्दा बालिका धेरै छन् । जिल्ला प्रहरी कार्यालय झापाको महिला तथा बालबालिका शाखाका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा दुई सय ११ जना बालबालिका हराएका छन् । हराउनेमा बालिकाको संख्या एकसय ६७ र बालकको संख्या ४४ जना मात्र छ ।




आर्थिक वर्ष २०८१/०८२ मा दुई सय ४५ बालबालिका हराएका थिए । हराउने बालबालिकाको संख्यामा वर्षेनि वृद्धि हुँदै छ ।यो आवमा पनि बालकको तुलनामा हराउनेमा बालिकाको संख्या बढी छ । प्रहरीको अभिलेख अनुसार एक सय ८८ जना बालिका र ५७ जना बालक त्यो आवमा हराएका थिए ।

आर्थिक वर्ष २०८०/०८१ मा हराएका कुल दुई सय ११ जनामध्ये ४३ बालक र एक सय ६६ बालिका फेला परेका थिए । एक बालक र अर्की एक बालिका फेला परेनन् । आर्थिक वर्ष २०८१/०८२ मा एक सय ७६ बालिका र ५५ जना बालकमात्र फेला परे । हराएका बाँकी १४ जना बालबालिका कहाँ छन् ? बेपत्ता बालबालिका कहाँ जान्छन् र के गर्छन् भन्नेबारे सम्बन्धित सरकारी र गैरसरकारी निकाय नै बेखबर छन् । चालु आवको यो अवधिसम्म जिल्लामा ६८ जना बालबालिका हराइसकेका छन् । २१ बालक र ४७ बालिका हराएकोमा तीनजना बालिका अझै फेला परेका छैनन् ।

अहिलेसम्म फेला नपरेका बालबालिकाको अवस्थाबारे कसैलाई जानकारी नै छैन । अभिभावकहरुले बालबालिका हराउँदा उजुरी दिन आउने तर भेटिएपछि जानकारी नदिने गर्नाले पनि भेटिए नभेटिएकोबारे सम्बन्धित निकाय बेखबर रहने जिल्ला प्रहरी कार्यालय झापा, महिला तथा बालबालिका शाखा प्रमुख प्रहरी सहायक निरीक्षक साजना प्रसाईको भनाई छ । बालबालिका हराए पनि उजुरी दिन आउने चेतनाको विकास नभएकाले पनि उल्लेखित धेरै बालबालिका बेखबर भएको हुनसक्ने प्रहरी सहायक निरीक्षक प्रसाईको भनाई छ ।
बालबालिकासम्वन्धी ऐन २०७५ को उपदफा ६६ (२) (ण) अनुसार बालबालिकासँग विवाह गर्नु गराउनु बालबालिका विरुद्धको कसुर मानेको छ । दफा ६७ अनुसार त्यस्तो कसुर गरेको ठहरेका व्यक्तिहरुले दश (१०) बर्षसम्म बालबालिकासँग सम्बन्धित सार्वजनिक तथा निजी क्षेत्रमा काम गर्न, मनोनित हुन, वा निर्वाचित हुन पाउँदैनन् ।विवाह गर्नु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो तर कम उमेरमा विवाह गर्नु/गराउनु जीवन र लक्ष्यको बर्बादी गर्नु हो । त्यसैले हामी सबै बालबालिकाले आफ्नो जीवनको लक्ष्य निर्धारण गरौं। लक्ष्य अनुरूप अघि बढौं र उमेर पुगेपछि मात्र विवाह गरौं । कुनै पनि बालबालिकालाई बाल विवाह, हिंसा, यौन शोषण, दुर्व्यवहार, श्रमशोषण, दुर्घटना, ओसारपसार, अपहरण, जोखिम, हराएमा वा कानूनी तथा मनोसामाजिक सहयोग चाहिएमा नेपाल सरकारको बाल हेल्पलाइन

❖ बाँकी अन्तिम पृष्ठमा

# राष्ट्रिय सभामा पाँच दलबीच भागबन्डा


काठमाडौं । राष्ट्रिय सभाको निर्वाचनका लागि पाँच दलबीच भागबन्डा भएको छ । कांग्रेस, एमाले, नेकपा, लोसपा र जसपा नेपालबीच सिट भागबन्डा गर्ने सहमति बनेको हो । लोसपा र जसपा नेपालबीच भने केही दिनअघि एकीकरण गर्ने घोषणा गरिसकेका छन् ।




सिट संख्या भागबन्डा मिले पनि कुन प्रदेशमा कसले कुन क्लस्टरको सिट लिने भन्नेबारेमा अझै टुंगो नलागेको कांग्रेसका एक नेताले बताए । कांग्रेस र एमालेले ७/७ सीट लिने भएका छन् । कांग्रेस नेता एनपी साउदका अनुसार कांग्रेसले प्रत्येक प्रदेशबाट १, १ सिट लिने मोटामोटी समझदारी भएको छ । त्यसैगरी नेपाली कम्युनिस्ट पार्टीले ३ सीट पाउने भएको छ ।
पार्टी एकीकरण गर्ने घोषणा गरेका लोसपा र जसपा नेपालका लागि एक सिट छुट्याइएको छ । कांग्रेसले उम्मेदवार छनोटका लागि बुधबार बिहान केन्द्रीय कार्यसम्पादन समितिको बैठक डाकेको छ ।
राष्ट्रिय सभामा फागुन २० गतेबाट १९ सांसद बिदा हुँदैछन् । त्यसमध्ये १८ सिटका लागि बुधबार मनोनयन हुँदैछ भने माघ ११ गते निर्वाचन हुँदैछ ।
सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित भएका वामदेव गौतम पनि बिदाइ हुँदैछन् । उनको ठाउँमा सरकारले सिफारिस गर्नेछ ।
यसैबीच नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्य निर्वाचनमा अन्य राजनीतिक दलहरूसँग तालमेल गर्ने निर्णय गरेको छ।

पार्टी कार्यालय सानेपामा मंगलबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले माघ ११ गते आइतबारका दिन हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा अन्य राजनीतिक दलहरूसँग तालमेल गरी निर्वाचनमा जाने निर्णय गरेको हो।
तालमेलपछि क्लस्टरसहित उम्मेदवारको चयन बुधबार बस्ने बैठकले तय गर्ने प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए। बैठकमा महामन्त्री गगनकुमार थापा, सहमहामन्त्रीहरू फरमूल्लाह मन्सुर र जीवन परियारले आफ्नो धारणा राखेका थिए। कार्यसम्पादन समितिको बैठक बुधबार ९ बजे बस्ने प्रवक्ता महतले जानकारी दिए।

# कांग्रेसमा ४० प्रतिशत युवाको सहभागिता गराउन माग



बिर्तामोड ,पुष २२ । नेपाली कांग्रेसमा आबद्ध ४० बर्षमुनिका युवाहरुले पार्टीका हरेक तह र सरकारका तीनवटै तहमा ४० प्रतिशत युवाहरुको सहभागिता गराउन माग गरेका छन् ।

४० बर्षमुनिका युवाहरुको भेलामा राखिएको अवधारणापत्रमार्फत पार्टीका हरेक तहमा ४० प्रतिशत प्रतिनिधित्व, तीनै तहको सरकारमा युवा प्रतिनिधित्वका लागि उम्मेद्वार चयन गर्दा अनिवार्य रुपमा 'प्राइमरी इलेक्सन' गर्नुपर्ने, लोकतन्त्र संरक्षणका लागि पैरवी, भ्रष्टाचारविरुद्ध खबरदारी लगायतका एजेण्डा राखिएको छ । अन्य समसामयिक राजनीतिक विषयमा पनि छलफल गरिएको भेलाले उक्त अवधारणापत्र पारित गर्दै युवा प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको हो ।
४० बर्षमुनिका युवाहरुको जिल्लास्तरीय भेलाको संयोजन मिलन चापागाईले गरेका थिए । चापागाईकै अध्यक्षता र गोकुल पौडेलको सहजीकरणमा सम्पन्न भेलामा सञ्जय निरौला, बालकृष्ण निरौला, डिल्ली भट्टराई, भाष्कर भट्टराई, अनुप शिलवाल, मनिश गहतराज, इशान ढकाल, विवेक ढकाल, विश्व सुवेदी, उपेन्द्र बस्नेत, प्रकाश निरौला, राजेन्द्र उप्रेतीलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

सम्पादकीय

## भद्रपुरलाई चलायमान बनाऔं

पूर्वकै पुरानो बजार भद्रपुरमा महोत्सव आयोजना हुने भएको छ । भद्रपुर सुस्ताएपछि त्यसलाई चलायमान बनाउन महोत्सव आयोजना गरिने भएको छ । आगामी माघ ७ देखि २१ गतेसम्म भद्रपुर–८ को मेची रंगशालामा झापा औद्योगिक,व्यापार, कृषि तथा पर्यटन महोत्सव हुने भएको हो । महोत्सव सञ्चालनका लागि झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राईको संयोजकत्वमा मुल आयोजक तथा अतिथि सत्कार समिति गठन भएको छ । महोत्सवको संरक्षक भद्रपुर नगरपालिका रहेको छ । झापा जिल्लाको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंछी र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुर्‍याउने दिर्घकालीन र आन्तरिक बजार सवलीकरणका लागि व्यवसायिक उत्थान तथा निकासी योग्य वस्तुमा जोड दिने लक्ष्यसहित महोत्सव गर्न लागिएको सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी गराईयो । आयोजक झापा उद्योग वाणिज्य संघले भद्रपुरमा पत्रकार सम्मेलन गरी कम्तिमा १० करोड रुपैयाँ बराबरको कारोवार तथा एक लाख बढी अवलोकनकर्ताले महोत्सव अवलोकन गर्ने लक्ष्यका साथ महोत्सव सञ्चालन गर्न लागिएको आयोजक संस्थाका कार्यवाहक अध्यक्ष राजकुमार राईले बताए । पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा अवसरको खोजी गर्ने, सूचना प्रविधिसम्बन्धी जानकारी गराउने, व्यावसायिक चेतना अभिवृद्धि गर्ने, बजार अनुसन्धान एवम् नयाँ वस्तु विकासका अवसर सिर्जना गर्ने, स्थानीय लोक संस्कृतिलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउने, उत्पादन र उपभोक्ताबीच सम्बन्ध अभिवृद्धि गर्ने, देश विदेशका व्यवसायीहरुसँग अनुभव आदान प्रदानको अवसर प्रदान गर्ने,पर्यटकीय स्थलहरुको पहिचान गरी सोको प्रवर्द्धनमा सहयोग पुर्‍याउने, कृषिजन्य उत्पादनको बजार प्रवर्द्धन गर्ने, स्थानीय उत्पादनमा गुणात्मक सुधार गरी अन्तर ाष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने, स्थानीय वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्ने एवम् उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गर्नेलगायतका विभिन्न उद्धेश्यसहित महोत्सवको तयारी गरिएको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ । युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्दै उद्योग व्यापार क्षेत्रमा लाग्न प्रेरित गर्दै रोजगारको सिर्जना गर्ने, विभिन्न वस्तु तथा सेवाहरुको एउटै स्थलमा प्रदर्शनी गरी उपभोक्ताहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने, निकासीयोग्य वस्तुको पहिचान एवम् बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउने, बैदेशिक लगानीका सम्भावना पहिचान गरी त्यसका लागि आवश्यक वातावरण निर्माण गर्ने पनि उद्धेश्य महोत्सवको रहेको छ । नेपाली संस्कृतिको विकासमा यो महोत्सवले निक्कै सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । सबैले मिलेर महोत्सव सफल बनाऔं । भद्रपुरलाई चलायमान पारौं ।




# लोकतन्त्र, निर्वाचन र जनअपेक्षा



• भुवन न्यौपाने

घोषित मितिमा निर्वाचन हुने शङ्का उपशङ्काबिच पनि मुलुक अब निर्वाचनमय बनेको छ । हेमन्त ऋतुमा मौसम चिसो भए पनि दलहरूका पार्टी एकता, आन्तरिक लोकतान्त्रिक प्रक्रिया महाधिवेशन र निर्वाचनले राजनीतिक सरगर्मी बढेको छ । धमाधम नयाँ दल गठन भएका छन् । दल दलबिचको सहकार्यका चर्चा पनि थपिएका छन् । वैकल्पिक शक्ति पनि सहकार्यमा जुटेका छन् । जनताको मन जितेर मतमार्फत जनताको सेवा गर्छु भन्न हरेक प्रतिनिधि, राजनीतिक दल र मुलुकका लागि यो सुखद र स्वागतयोग्य क्षण हो । निर्वाचन मुलुककै लोकतान्त्रिक पर्व हो । मुलुक, जनता र राजनीतिक दल दुवैका लागि अवसर हो ।

नेपालमा लोकतन्त्रको विकास र अभ्यासका क्रममा विभिन्न कोणबाट विश्लेषण हुन्छ । विकसित मुलुकको लोकतान्त्रिक प्रणाली र अभ्यासलाई अध्ययन गरेर हेर्दा नेपालमा पनि त्यस्तै प्रणालीको अपेक्षा स्वाभाविक हो । लोकतन्त्रको विकासक्रमलाई हेर्दा राज्य र दलहरू लोकतान्त्रिक अभ्यासतर्फ अग्रसर त छन् तर उनीहरूको सिद्धान्त र कार्यशैली नियाल्दा लोकतन्त्रको भ्रम र यथार्थबाट मुक्त हुन सकेको छैनन् । विगतका वर्षलाई मूल्याङ्कन गरेर हेर्ने हो भने लोकतन्त्रप्रतिको प्रतिबद्धताबाट दलहरू विमुख हुन खोजेका हुन कि भन्ने आभास हुन्छ । दलहरू आन्तरिक लोकतन्त्र बलियो बनाउनेभन्दा पनि लोकतान्त्रिक प्रक्रियालाई छल्न उद्यत देखिन्छन् ।

नेपालका दलहरूको लोकतान्त्रिक संस्कृति हेर्दा सन्तोषजनक छैन । नेपाली कांग्रेस महाधिवेशनकै विषयमा अल्झिरहेको छ । लोकतान्त्रिक विधिमा प्रश्न उठाइए पनि नेकपा (एमाले) ले महाधिवेशन सम्पन्न गरिसकेको छ । नेपाली कम्युनिस्ट पार्टीले पनि लोकतान्त्रिक विधिलाई अपनाउन सकेको छैन । रास्वपालगायतका साना र वैकल्पिक दल पनि लोकतान्त्रिक विधि र प्रक्रियामा रुचिकर रूपमा लिएका छैनन् । नियमित रूपमा हुनुपर्ने महाधिवेशन, नीति र नेतृत्वका सन्दर्भमा भन्दा पनि पार्टी र व्यक्तिगत राजनीतिक एजेन्डामा मात्र केन्द्रित देखिन्छन् । चुनावी स्वार्थ पूरा गर्न दलहरू गठबन्धन गर्ने ध्याउन्नमा छन् । यसले जनअपेक्षाको सम्बोधनभन्दा पनि सत्ता प्राप्ति र सङ्घर्षलाई मात्र केन्द्रीकृत गर्ने स्पष्ट छ ।

नेपालमा उन्नत लोकतन्त्रको बहस सुरु त भएको छ तर दलको यस्तै प्रवृत्तिले के उन्नत लोकतन्त्र सम्भव हुन्छ भन्ने प्रश्न कायमै छन् । लोकतन्त्र आवधिक निर्वाचन मात्र होइन । उन्नत लोकतन्त्रभित्र बहुआयामिक विषय छन् । जसमा राज्यका संयन्त्र कति लोकतान्त्रिक भए ? जनताले शासकीय व्यवस्थालाई कति लोकतान्त्रिक रूपमा ग्रहण गरेका छन् ? लोकतन्त्र जनताको जीवन हो । लोकतन्त्र, विकास र मानवका गुणस्तरीय जीवनस्तरका सूचक कति र कसरी रूपान्तरण भएका छन् भन्ने विषय महत्वपूर्ण हुन्छ । निर्वाचनबाट प्राप्त गणितीय संख्या मात्र होइन जनताको जीवनस्तर रूपान्तरणमा लोकतन्त्र कामयावी भयो कि भएन ? यसकारण पनि नेपालमा लोकतन्त्रलाई अझै उन्नत बनाउन राज्य, राजनीतिक दल र जनताबिचको अन्तरसम्बन्धलाई अझै समन्वय, सहकार्य र सुधारको आवश्यकता देखिन्छ ।

### स्वच्छ र निष्पक्ष निर्वाचन

लोकतन्त्रमा निर्वाचन एउटा उत्सव हो । नेपालको सन्दर्भ यस पटकको निर्वाचन आवधिक लोकतान्त्रिक प्रक्रियामा भन्दा पनि जेनजीको विद्रोहबाट प्रतिनिधि सभा विघटनपश्चात् चुनावी सँघारमा छ । यो आवधिक रूपमा भन्दा पनि आवश्यकताको सिद्धान्तमा छ । दलहरूले समानुपातिकतर्फको बन्दसूची बुझाएसँगै मुलुक निर्वाचनतर्फको बाटोमा उन्मुख भएको छ । दलहरूमा केही संशय र सुरक्षाको त्रासबिच पनि निर्वाचनका कार्यतालिका अगाडि बढिरहनु र सरकारले दलहरूसँगको संवादमार्फत निर्वाचनलाई थप सहयोग पुगेको छ । जेनजी विद्रोहको मर्म, नागरिक समाज र आमजनताको पहिलो प्राथमिकता भनेकै स्वच्छ र निष्पक्ष चुनाव हो । निर्वाचन नै नागरिकको मत बुझ्ने सबैभन्दा उपयुक्त बाटो हो । निर्भयपूर्ण वातावरणमा निर्वाचन सम्पन्न सबैको दायित्व पनि हो ।

दलहरू निर्वाचनमा होमिएका छन् । निर्वाचनको वातावरण निर्माणका लागि पनि दलहरूसँग संयमित, सहकार्य र समन्वयको खाँचो छ । समाजमा सुरक्षा र सहिष्णुता कायम गर्न राजनीतिक संयन्त्र चनाखो हुनु पर्छ । यसमा जिम्मेवार युवापुस्ताले पैरवी गर्नु पर्छ । जेनजी विद्रोहपश्चात् अझै पनि सबै जेनजी समूह एकताबद्ध हुन सकेका छैनन् । केही समूह निर्वाचनलाई स्वागत गरेका छन् केही अझै विरोधमा छन् । विरोधमा रहेका जेनजी समूहको पनि सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नु पर्छ । जेनजी समूहले पनि निर्वाचनको वातावरण बनाउन सघाउनु पर्छ ।

सरकारले निर्वाचनको वातावरण बनाउन कुनै पनि कसर बाँकी राख्नु हुँदैन । स्रोतसाधनको परिचालन, सुरक्षा संयन्त्रको व्यवस्थापन, शान्ति सुव्यवस्था कायम गर्न संवाद, सचेतना, सहकार्य र सहयोगलाई जोड दिनु पर्छ । निर्वाचन आयोगले तयार पारेको कार्यतालिका निःसर्त पालना गर्न गराउन सबैको सहयोग खाँचो पर्छ । यसमा निर्वाचन आयोग पनि थप सक्रिय, प्रविधि र संयन्त्रको परिचालनमा ध्यान दिनु पर्छ । सुरक्षासँगसँगै निर्वाचन आचारसंहितालाई पनि लागु गर्न पारदर्शी प्रणालीको विकास र उपयोग गर्नु आवश्यक छ । सामाजिक सञ्जाल प्रभाव, प्रविधि र सुरक्षा संवेदनशीलताका बिच पनि निर्वाचन स्वच्छ, स्वतन्त्र र पारदर्शी हुनु पर्छ । निर्वाचनमा सबैभन्दा महत्वपूर्ण पक्ष जनता हुन् । यसको सफलताका लागि जनताको खबरदारी र सचेतना उत्तिकै आवश्यक पर्छ । निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न आमजनता नै जिम्मेवार भई सक्षम, योग्य जनप्रतिनिधि चयनका लागि चनाखो हुनु पर्छ ।

लोकतान्त्रिक यात्राको इतिहासमा निर्वाचन जनताको इच्छाशक्ति व्यक्त गर्ने महत्वपूर्ण माध्यम हो । निर्वाचन केवल राजनीतिक प्रक्रियाको आधारशिला मात्र नभएर सामाजिक रूपान्तरण, आर्थिक विकास, सामाजिक न्याय, समावेशी सहभागिता, नीति निर्माण र निर्णय प्रक्रियामा नागरिकका जनप्रतिनिधिको सहभागिता पनि हो । निर्वाचन केवल मतदाताको प्रक्रिया मात्र नभई यसले सक्षम, जिम्मेवार सरकार गठन गर्न, जनप्रतिनिधि चयन गर्न र लोकतान्त्रिक संस्थालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्छ । निर्वाचन जनताको चाहनाबमोजिमका स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा आह्वान गरिएको लोकतान्त्रिक विधि हो जसले व्यवस्थालाई बलियो र अवस्थालाई सकारात्मक रूपान्तरणको अहम् एजेन्डा बोकेको छ । यसमा दलहरू, निर्वाचन आयोग र सरकार संवेदनशील हुनु आवश्यक छ ।

निर्वाचनका सबै पक्षले यो बुझ्नु पर्छ कि यो निर्वाचन मुलुकको विषम परिस्थितिबाट सिर्जना भएको जनमत लिने प्रक्रिया हो । विगतका चुनावले राजनीतिक स्वतन्त्रता, प्रणालीको कार्यान्वयनका लागि वकालत गरेका थिए भने अहिलेको चुनावले मुलुकमा विधिको शासन सुशासन, समुन्नति र सुधारका लागि हो । निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । नेपालमा स्थानीय, प्रदेश र संघीय निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण र प्राविधिक रूपमा सफल हुँदै आएका छन् । मतदाता शिक्षा, समावेशी उम्मेदवारी र निर्वाचन व्यवस्थापनमा सुधारको खाँचो छ । खर्चिलो निर्वाचनले भ्रष्टाचारलाई प्रश्रय दिने र सुशासनमा चुनौती थप्ने सङ्केत देखिन्छ । कुशासनलाई प्रश्रय दिने गैरकानुनी, असान्दर्भिक र अनावश्यक विषयलाई रोक्न आमजनता, राजनीतिक दल र सरकार सचेत हुनु जरुरी छ ।

### जनअपेक्षाको सम्बोधन

निर्वाचनका चुनौती छन् तर पनि स्वच्छ, स्वतन्त्र र पारदर्शी निर्वाचन हुनु पर्छ । नयाँ जनादेशमार्फत राजनीतिक, संवैधानिक लयमा ल्याउनु र जनताका अपेक्षाको सम्बोधन अब पहिलो प्राथमिकता बन्नु पर्छ । संविधानको समायानुकूल संशोधन र कार्यान्वयन, संस्थागत विकास, दिगो पूर्वाधार विकास, जनमुखी सार्वजनिक सेवा, आत्मनिर्भर अर्थतन्त्र, सामाजिक न्याय, सामाजिक सुरक्षा, गुणस्तरीय निःशुल्क स्वास्थ्य र शिक्षा, सुरक्षित आवास, स्वच्छ पर्यावरणलगायतका लोककल्याणकारी राज्यको परिकल्पना साथै राजनीतिक, आर्थिक, पर्यावरणीय, सामाजिक, सांस्कृतिक जस्ता समावेशी लोकतन्त्रका नवीन आयामको उचित सम्बोधन यो निर्वाचनमार्फत आममतदाताले चाहेका छन् ।

जेनजीले उठाएका कतिपय माग सरकारले ग्रहण गरी कार्यान्वयनको चरणमा छन् । भ्रष्टाचार, अनियमितता, कानुनी शासनमाथिको अवरोध, राज्यका निकायको सेवा प्रवाहमा देखिने गैरजिम्मेवारीपन, नातावाद र कृपावादको प्रभाव, बढ्दो बेरोजगारी तथा विदेश पलायन, धरमराउँदो अर्थतन्त्र, रेमिट्यान्समा निर्भर अर्थव्यवस्था, विकासनिर्माणमा ढिलासुस्ती, राज्यका निकायमा देखिने दलीयकरण जस्ता विषय गम्भीर छन् । यसले एकातिर राज्य संयन्त्र र राजनीतिक शक्तिमाथि प्रश्न उब्जिएको छ । अर्कोतर्फ लोकतन्त्रको मर्म तथा भावनामाथि प्रहार गरिरहेको छ । विगतमा नागरिकका अपेक्षामाथि खेलबाड गरिएको छ । अब लोकतन्त्र, सुशासन र मुलुकको समुन्नतिको जनअपेक्षालाई सम्बोधन र दीर्घकालीन सुधारका लागि सुझबुझपूर्ण कदमको खाँचो छ । राजनीतिमा नयाँ पुस्ताको आकर्षण बढेको छ । यो लोकतन्त्रका लागि सकारात्मक पक्ष हो ।

फागुन २१ मा घोषित प्रतिनिधि सभाको निर्वाचन मुलुकको लोकतान्त्रिक, संवैधानिक, राजनीतिक र सामाजिक आर्थिक विकासका लागि स्वर्णिम अवसर हो । निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सबै सारोकारवाला पक्षको उत्तिकै आवश्यकता छ । जेनजीले सुशासन र भ्रष्टाचाररहित समाजका लागि गरेको विद्रोहले मुलुकको नयाँ मार्ग बनाउन सक्ने प्रशस्त अवसर छन् । यस कारण निर्वाचन लोकतन्त्रको उत्सव हो । यो पुस्ताको भविष्य हो । लोकतन्त्रको उन्नत अभ्यासमार्फत जनताका समयानुकूल अपेक्षालाई सम्बोधन गर्न यो निर्वाचन सफल बनाउनु पर्छ ।-गोप

# दल खोल्ने लहर

• ब्रबिम कार्की

भदौ २४, २०८२ को जेन-जी आन्दोलनले तत्कालीन सरकार ढालिदियो। त्यसपछि भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकार गठन भयो । जेन–जी आन्दोलनपछिको बदलिँदो परिस्थितिअनुसार आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ। जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन गरिएपछि नयाँ निर्वाचनको घोषणा गरिएको छ। सरकार आगामी निर्वाचनको तयारीमा जुटेका छन्। जेन-जी आन्दोलनपछि नयाँ दल खोल्ने लहर चलेको छ। त्यसमा युवा बढी उत्साहित देखिन्छन्।

नेपालमा युवा उम्मेदवार र नयाँ दलहरूको उदयले परम्परागत राजनीतिलाई चुनौती दिइरहेका छन्। उनीहरूले भ्रष्टाचारविरुद्ध, युवा रोजगारी, प्रविधिमा आधारित शासन, सुशासन र जलवायु परिवर्तनजस्ता मुद्दा उठाइरहेछन्। तर, उनीहरूको साँचो सफलता सडक प्रदर्शनमा होइन, निर्वाचनमा सिट जितेर नीति प्रभावित गर्न सक्नुमा हुनेछ। उनीहरूले अनलाइन फोरममा उठाएका मुद्दाहरू देशको नीतिमा लागू गरेर कार्यान्वयन गर्न सके उनीहरूले गरेको आन्दोलन र बलिदानले सार्थकता पाउँछ। यसले नेपाललाई एसियाको प्रविधिमय समुन्नत मुलुक बनाउने ढोका खोल्न सक्छ, जहाँ युवा सञ्चालित सुधारहरूले आर्थिक र सामाजिक परिवर्तन ल्याउन सक्नेछ।

युवा दलहरूको निर्वाचन सफलताले मात्र नेपालको राजनीतिलाई जीवन्त बनाउन सक्छ। उनीहरूले सशक्त भ्रष्टाचार विरोधी कानुनहरू, युवाका लागि रोजगारी अवसरहरू, राज्य सञ्चालनमा प्रविधिको प्रयोग र प्रदूषण तथा जलवायु परिवर्तनविरुद्धका आयोजनाहरू दृढताका साथ अघि बढाउन सक्नेछन्। अब, यो युवा ऊर्जालाई संसद्मा प्रवेश गराएर मात्र साँचो परिवर्तन सम्भव छ। नेपालमा भ्रष्टाचार एक प्रमुख समस्याको रूपमा देखिएको छ। राज्यका हरेक निकायमा भ्रष्टाचारले जरा गाडेको छ। सार्वजनिक पदहरूमा बस्नेहरूले राष्ट्रिय स्रोतहरूको दुरुपयोग गरेका छन्, जसले विकासलाई असर गरेको छ। यसले युवालाई राजनीतिबाट टाढा बनाएको छ। उनीहरू भविष्य विदेशमा खोज्न बाध्य



छन्। 'ब्रेन ड्रेन'को यो समस्या चुलिँदै गएको छ। लाखौं युवा खाडी देशहरूमा पसिना बगाइरहेका छन्, जबकि घरेलु रोजगारीका अवसर न्यून छन्। नेपालमा युवा बेरोजगारी पनि अर्को समस्या हो। एक तथ्यांकअनुसार नेपालमा १६-४० वर्ष उमेरसमूहका युवा करिब १ करोड २४ लाख छन्। जुन कुल जनसंख्याको ४२.४ प्रतिशत हो, जसमध्ये बेरोजगार २०.८ प्रतिशत छन्।

नेपालको शासन प्रणाली र सरकारी काम पुरानो ढाँचामा चलेको छ। सरकारी कार्यालयमा हुने ढिलासुस्तीले नागरिकमा वितृष्णा पैदा गरेको छ। नेपालको जीडीपी वृद्धिदर एसियाली छिमेकीभन्दा कम छ। चालु आवमा नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतमा झर्ने विश्व बैंकको प्रक्षेपण छ। विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदनले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदरमा कमी आउने प्रक्षेपण गरेको हो। यसबाहेक, प्रदूषण र जलवायु परिवर्तनजस्ता पर्यावरणीय चुनौती बढ्दैछन्। काठमाडौंको वायु प्रदूषण विश्वका खराबमध्ये एक छ। हिमाली क्षेत्रहरूमा हिउँ पग्लिने समस्या जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव हो। युवाले यी मुद्दा उठाएका छन्, तर उनीहरूको आवाज संसद्भित्र नपुगेसम्म परिवर्तन हुन सक्दैन।

यिनै समस्याले नेपाललाई पछाडि धकेलेको छ। परम्परागत दलहरूले युवा मुद्दाहरूलाई प्राथमिकता दिएका छैनन्, उनीहरूको ध्यान सत्ता सन्तुलन र पद प्राप्तिमा मात्र केन्द्रित छ। युवा दलहरूको संसदीय उपस्थिति बलियो हुनुपर्छ। उनीहरूले भ्रष्टाचार विरोधी कानुनहरू लागू गर्न सक्छन्। इन्डोनेसियाको रिफोर्मासी आन्दोलनलाई सम्झनुहोस्। १९९८ मा विद्यार्थीले जनरल सुहार्तोको लामो शासन ढाले, जसले लोकतान्त्रिक परिवर्तन ल्यायो। नेपालका युवाले पनि त्यस्तै पारदर्शी शासनका लागि दबाब दिन सक्छन्। यसले भ्रष्टाचार घटाएर विदेशी लगानी आकर्षित गर्नेछ। यसबाहेक, युवा रोजगारीका लागि नीतिहरू आवश्यक छन्। युवा दलहरूले स्टार्टअपहरूलाई प्रोत्साहन दिने कानुनहरू ल्याउन सक्छन्, जसले रोजगारी सिर्जना गर्नेछ।

ताइवानको सनफ्लावर आन्दोलन २०१४ मा विद्यार्थीले संसद् कब्जा गरेर चीन-ताइवान व्यापार सम्झौताविरुद्ध उभिए, जसले सरकारी पारदर्शिता बढायो र राजनीतिक लोकतन्त्रलाई नयाँ उचाइ दियो। नेपालका युवाले पनि प्रविधि अनुकूल कानुनहरूका लागि प्रयास गर्न सक्छन्। प्रविधिको प्रयोगले शासनलाई प्रभावकारी बनाउन सक्छ। ई-गभर्नेन्स प्रणाली लागू गरेर सेवाहरू छिटो र पारदर्शी बनाउन सकिन्छ। कल्पना गर्नुहोस्, निर्वाचनपछिको सरकारमा जेन-जी उम्मेदवारहरूले शिक्षा डिजिटाइज गरे, कोडिङ बुटक्याम्पहरू विस्तार गरे र विदेशी कम्पनीहरूसँग छात्रवृत्तिका लागि साझेदारी गरे। यसले युवालाई प्रविधि क्षेत्रमा तयार पार्नेछ, जसले नेपाललाई भारत वा सिंगापुरजस्तो प्रविधि हब बनाउन सक्छ। जलवायु परिवर्तनविरुद्धका पहलहरू पनि युवा दलहरूले अगाडि सार्न सक्छन्। हरित ऊर्जा, प्रदूषण नियन्त्रण र जलवायु अनुकूल नीतिहरू लागू गरेर नेपाललाई पर्यावरणीय उदाहरण बनाउन सकिन्छ। यसले पर्यटन र कृषिलाई मजबुत बनाउनेछ। तर, सबै कुरा सजिलो छैन। युवा दलहरूको आलोचना पनि छ। उनीहरू अनुभवहीन छन्। केहीले भन्छन्, युवाहरूको उत्साहले अस्थिरता निम्त्याउन सक्छ, जसले आर्थिक विकासलाई प्रभावित गर्नेछ। यो तर्कमा सत्यता छ। परिवर्तन सधैं जोखिमपूर्ण हुन्छ। तर, अनुभवहीनताले नै नयाँ सोच ल्याउँछ, जसले पुराना समस्या हल गर्न सक्छ। युवा दलहरूको निर्वाचन सफलताले नेपालको भविष्य उज्ज्वल बनाउन सक्छ। युवा उम्मेदवारहरूलाई समर्थन गर्नुहोस्, मत दिनुहोस् र परिवर्तनको हिस्सा बन्नुहोस्। यसले मात्र नेपालले खोजेको परिवर्तन ल्याउन सक्छ।- अ.पू.

# १६० वटा स्टार्टअप उद्यममा मात्रै १४ सय बढीलाई रोजगारी

काठमाडौं । देशभरका स्टार्टअप उद्यममध्ये १६० वटा स्टार्टअप उद्यममा एकहजार ४ सय भन्दा बढीले रोजगारी पाइरहेको एक सरकारी अध्ययनले देखाएको छ।

नेपाल राष्ट्र बैंकले नेपालको कोशी प्रदेशमा रहेका स्टर्टअप उद्यमहरुमा गरेको अध्ययनमा १६० वटा स्टार्टअप उद्यममा आर्थिक वर्ष २०८०/८१ मा मात्रै कुल १ हजार ४३६ जनाले रोजगारी प्राप्त गरेका गरिरहेको पाइएको हो।

अध्ययन प्रतिवेदनअनुसार रोजगारी पाउनेमा ४८.४ प्रतिशत महिला र ५१.६ प्रतिशत पुरुष रहेका छन्। क्षेत्रगत हिसाबमा सेवामूलक उद्यममा सबैभन्दा बढी ५७ प्रतिशत र सूचना प्रविधि क्षेत्रका उद्यममा सबैभन्दा कम २२.७ प्रतिशत महिला रोजगारीको हिस्सा रहेको छ।

अध्ययनका क्रममा १६० वटा स्टार्टअप उद्यमको औसत क्षमता उपयोग ७१.४ प्रतिशत रहेको पाइएको छ। क्षेत्रगत रुपमा कृषि तथा वनजन्य क्षेत्रका उद्यमको औसत क्षमता उपयोग सबैभन्दा बढी ८२.१ प्रतिशत रहेको छ भने पर्यटन क्षेत्रका उद्यमको औसत क्षमता उपयोग सबैभन्दा कम ६०.७ प्रतिशत रहेको छ। सूचना प्रविधि, उत्पादनमूलक र सेवामूलक उद्यमको औसत क्षमता उपयोग क्रमशः ७२.० प्रतिशत, ६१.० प्रतिशत र ६४.८ प्रतिशत रहेको छ।

अध्ययनका क्रममा स्टार्टअप उद्यममा प्रविधिको प्रयोगबारे पनि हेरिएको थियो। जसमध्ये १६० स्टार्टअप उद्यम मध्ये ४४ वटा उद्यममा उच्च प्रविधि प्रयोग भएको पाइयो भने १०४ वटा उद्यममा सामान्य प्रविधिको प्रयोग भएको छ भने १२ वटा उद्यममा प्रविधिको प्रयोग नभएको पाइएको छ। क्षेत्रगत रुपमा सूचना प्रविधि क्षेत्रका सबैभन्दा बढी ६६.७ प्रतिशत उद्यममा उच्च प्रविधिको प्रयोग भएको देखिन्छ भने कृषि तथा वनजन्य क्षेत्रका सबैभन्दा कम १०.६ प्रतिशत उद्यममा मात्र उच्च प्रविधिको प्रयोग भएको देखिन्छ।

अध्ययन प्रतिवेदन अनुसार प्रविधिको प्रयोगले स्टार्टअप उद्यमको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। प्रविधिको प्रयोग गर्ने उद्यमीमध्ये सबैभन्दा बढी २९.४ प्रतिशतले प्रविधिको प्रयोगले ग्राहकसँगको पहुँचमा वृद्धि, २५.६ प्रतिशतले श्रम लागतमा कमी, १६.१ प्रतिशतले उत्पादकत्वमा वृद्धि, १२.८ प्रतिशतले उत्पादनमा वृद्धि, १०.६ प्रतिशतले उत्पादन लागतमा कमी र ५.५ प्रतिशतले अन्य (खास गरी गुणस्तर वृद्धि) मा सहयोग पुऱ्याएको बताएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको छ,'यस अध्ययनमा समावेश कुल १६० वटा स्टार्टअप उद्यमहरू मध्ये १५५ वटा उद्यमले हाल सञ्चालन गरिरहेको व्यवसाय विस्तार गर्ने योजना बनाएको देखिन्छ भने ५ वटा उद्यमले व्यवसाय विस्तार नगर्ने देखिन्छ। ग्राहकसँगको पहुँचमा वृद्धि श्रम लागतमा कमी उत्पादकत्वमा वृद्धि उत्पादनमा वृद्धि उत्पादन लागतमा कमी अन्य प्रतिशत घड ३ वटा, उत्पादनमूलक र पर्यटन क्षेत्रका १/१ वटा बाहेक सबै उद्यमले आफ्नो व्यवसाय विस्तार गर्ने योजना बनाएको देखिन्छ।'

स्टार्टअप उद्यम/व्यवसाय विस्तारको योजना बनाउने उद्यमीहरु मध्ये सबैभन्दा बढी ३३.३ प्रतिशतले क्षमता विस्तार, २९.६ प्रतिशतले वस्तु तथा सेवा विविधिकरण, १९ प्रतिशतले प्रविधिको प्रयोग र १८.१ प्रतिशतले बजार विस्तार गर्ने योजना बनाएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार अध्ययनमा समावेश भएका १६० वटा स्टार्टअप उद्यममध्ये आर्थिक वर्ष २०८०/८१ मा ८०.० प्रतिशत अर्थात १२८ वटा उद्यमहरू नाफामा रहेका छन् भने २०.० प्रतिशत अर्थात ३२ वटा उद्यमहरूले नोक्सान बेहोरेका छन्। अध्ययनमा समावेश गरिएका पाँच व्यावसायिक क्षेत्रका स्टार्टअप उद्यम मध्ये कृषि तथा वनजन्य क्षेत्रका सबैभन्दा बढी ८६.४ प्रतिशत उद्यमहरू नाफामा रहेको देखिन्छ भने सूचना प्रविधि क्षेत्रका सबैभन्दा कम ६० प्रतिशत उद्यमहरू मात्र नाफामा रहेको पाइएको छ।

१६० स्टार्टअप उद्यमहरूको आ.व.२०८०/८१ को वित्तीय परिसूचकहरू हेर्दा ती स्टार्टअप उद्यमहरूको कुल बिक्री आम्दानी रु.९२ करोड ६४ लाख रहेको छ भने कुल नाफा १२ करोड ९२ लाख रहेको छ। स्टार्टअप उद्यमको औसत नाफा १३.९ प्रतिशत रहेको छ। त्यसैगरी आ.व.२०८०/८१ मा अध्ययनमा समावेश स्टार्टअप उद्यमहरूमा कुल लगानी २ अर्ब २४ करोड ९० लाख रहेको छ भने औसत लगानीमा प्रतिफल दर ५.७ प्रतिशत रहेको छ।

अध्ययनमा समावेश भएका पाँच व्यावसायिक क्षेत्रका स्टार्टअप उद्यममध्ये पर्यटन क्षेत्रको कुल आम्दानीमा नाफा प्रतिशत सबैभन्दा उच्च २०.९ प्रतिशत रहेको छ भने सेवामूलक क्षेत्रको सबैभन्दा कम ९.९ प्रतिशत रहेको छ। कृषि तथा वनजन्य सूचना प्रविधि उत्पादनमूलक सेवामूलक पर्यटन समग्र प्रतिशत नाफा नोक्शान लगानीबाट प्राप्त प्रतिफलको दरसूचना प्रविधि क्षेत्रको सबैभन्दा बढी २०.९ प्रतिशत रहेको छ भने पर्यटन क्षेत्रमा सबैभन्दा कम ३ प्रतिशत रहेको छ।

अध्ययनमा समावेश भएका १६० उद्यम मध्ये ९१.९ प्रतिशत उद्यम सफलता उन्मुख रहेको देखिन्छ भने ८.१ प्रतिशत उद्यम संकट उन्मुख रहेको देखिन्छ। क्षेत्रगत आधारमा कृषि तथा वनजन्य क्षेत्रका सबैभन्दा बढी ९८.५ प्रतिशत उद्यम सफलता उन्मुख रहेको देखिन्छ भने पर्यटन क्षेत्रमा सबैभन्दा कम ७७.३ प्रतिशत उद्यम सफलता उन्मुख रहेको पाइएको छ।

त्यसैगरी सूचना प्रविधि, उत्पादनमूलक र सेवामूलक क्षेत्रका क्रमशः ८६.७ प्रतिशत, ९३.१ प्रतिशत र ८९.३ प्रतिशत उद्यम सफलता उन्मुख रहेको देखिन्छ।

सफलता उन्मुख स्टार्टअप उद्यमले सफलता उन्मुख हुनुको कारणमा ४७.१ प्रतिशतले बजारको उपलब्धता, २६.३ प्रतिशतले प्रविधिको प्रयोग, १३.५ प्रतिशतले व्यवसायको इको सिस्टम निर्माण, ५.८ प्रतिशतले श्रमिकको उपलब्धता, २.७ प्रतिशतले उर्जा तथा पूर्वाधारको उपलब्धता, १.९ प्रतिशतले पुँजीको उपलब्धता र २.७ प्रतिशतले अन्य कारण (वस्तु तथा सेवामा भएको नयाँपन, स्वास्थ्यवर्धक उत्पादन, गुणस्तर, जनचेतनामा वृद्धि आदि) रहेको बताएको प्रतिवेदनमा उल्लेख छ।

संकट उन्मुख उद्यमहरूले संकट उन्मुख हुनुका कारणमा ३०.८ प्रतिशतले बजारको अभाव, २६.९ प्रतिशतले पुँजीको अभाव, २३.२ प्रतिशतले प्रविधिको अभाव, ७.७ प्रतिशतले श्रमिक/कामदारको अभाव, ३.८ प्रतिशतले व्यवसायले कृषि तथा वनजन्य सूचना प्रविधि उत्पादनमूलक सेवामूलक पर्यटन प्रतिशत सफलता उन्मुख समस्याग्रस्त बजार प्रविधि व्यवसायको इको सिस्टम श्रमिक उर्जा तथा पूर्वाधार पुँजी अन्य प्रतिशत सिस्टम निर्माण गर्न नसक्नु, ३.८ प्रतिशतले उर्जा/पूर्वाधारको कमी र ३.८ प्रतिशले विदेशमा भुक्तानी गर्न र विदेशबाट भुक्तानी प्राप्तिमा कठिनाई, उद्यमको नगद प्रवाह र बैंकको किस्ताको बेमेल, खुल्ला सिमानाका कारण हुने अवैध आयात जस्ताहरु कारण देखाएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

# मधेसका ९ जिल्ला अझै निरक्षर

कहिले २ त कहिले ३ वर्षभित्रमा देशलाई 'पूर्ण साक्षर घोषणा' गर्ने भन्दै आश्वासन देखाए।

२०७९ पुसमा तत्कालीन उपप्रधानमन्त्री विष्णु पौडेलले सरकारमा सहभागी दलहरूको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै सरकारले आगामी दुई वर्षभित्रमा देशलाई पूर्ण साक्षर घोषणा गर्ने नीति लिएको बताएका थिए।

एमाले पार्टी नेतृत्वले सरकार चलाइरहँदा मात्रै होइन नेपाली कांग्रेस होस या नेकपा माओवादी नेतृत्वले सरकार चलाउँदा यसैगरी आवश्वासन देखाइरहेका थिए तर हालसम्म देश पूर्ण साक्षर हुन सकेको छैन।

सरकारले निरक्षरता उन्मूलन गर्ने घोषणासहित आव २०६५/६६ सालबाट यो अभियान सुरू गरेको थियो तर अभियान सुरू भएको १६ वर्षमा पनि अझै पूरा हुन सकेको छैन। शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार मधेश प्रदेशको ८ वटै जिल्ला(सिरहा, सप्तरी, पर्सा, बारा, धनुषा, महोत्तरी, रौतहट र सर्लाही) साक्षर जिल्ला घोषणा हुन सकेको छैन।

त्यस्तै कर्णाली प्रदेशको डोल्पा जिल्ला साक्षर जिल्ला घोषणा हुन सकेको छैन। अरू जिल्ला साक्षर घोषणा भए पनि यी हिसाबले अझै ९ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेको विकास केन्द्र, अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखाका शाखा अधिकृत बैकुण्ठ आचार्यले जानकारी दिए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक तथा प्रवक्ता महेन्द्र पराजुलीले भने,'मधेश प्रदेशको सबै जिल्ला र कर्णाली प्रदेशको डोल्पा जिल्ला साक्षर जिल्ला घोषणा हुन बाँकी छ।'

उनले डोल्पा जिल्लाको हकमा भने सबै आवश्यक मापदण्ड,प्रकृया पूरा भइसकेको भन्दै साक्षर जिल्ला घोषणा मात्रै हुन मात्रै बाँकी रहेको जानकारी दिए। 'डोल्पा जिल्ला त अब साक्षर जिल्ला घोषणा हुनमात्रै बाँकी छ,' उनले भने।

सरकारले मधेश प्रदेशमा साक्षरता प्रदेश घोषणा अभियान थालेको छ। शिक्षा मन्त्रालयको आयोजना तथा मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयको समन्वयमा आइतवार साक्षरता प्रदेश घोषणा अभियान तयारीसम्बन्धी कार्यक्रमको उद्घाटन शिक्षामन्त्री महावीर पुनले गरे।

उनले मधेस प्रदेश विगतमा शिक्षाको क्षेत्रमा अगाडि भए पनि वर्तमान अवस्थामा कमजोर हुनु दुःखको विषय भएको उल्लेख गरेका छन्। उनले भने,'अहिले प्रविधिको जमाना छ, साक्षर पनि नहुनु ठूलो विडम्बनाको विषय भएको छ।'

उक्त कार्यक्रममा मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारीले मधेस प्रदेशको शिक्षाको अवस्था सबै प्रदेशभन्दा कमजोर भएको उल्लेख गर्दै प्रदेश सरकार शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्धरूपमा अगाडि बढेको बताइन्। सरकारले मधेश प्रदेशलाई साक्षर घोषणा गर्न सरकारका पूर्व उपसचिव डा.रामस्वरूप सिन्हाको संयोजकत्वमा ७ सदस्यीय उच्चस्तरीय विज्ञ कार्यदलसमेत गठन गरेको छ। शिक्षामन्त्री पुनले मधेश प्रदेशको सामुदायिक शिक्षा सुधारका लागि विज्ञ अध्ययन टोली गठन गर्ने यसअघि नै घोषणा गरेका थिए।

उनले कात्तिक १३ गते नै सामाजिक सञ्जालबाट भनेका थिए, 'मधेश जस्तो सुगम ठाउँमा पनि किन यस्तो भयो र मधेशमा खस्केको सामुदायिक शिक्षाको सुधार गर्न के-के गर्नुपर्ला भनेर अध्ययन गरी यथाशीघ्र रिपोर्ट पेश गर्न मधेश प्रदेश कै राजनीतिक दल र विज्ञहरूको टोली गठन गर्दैछु।'

सरकारले आगामी २०८३ वैशाख मसान्तसम्ममा मधेश प्रदेशलाई साक्षर घोषणा गर्ने लक्ष्य लिएको छ। नेपालमा ५ वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७६ दशमलव ३ प्रतिशत पुगेको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको १२औँ राष्ट्रिय जनगणना २०७८ को विवरणमा पुरूषको साक्षरता दर ८३ दशमलव

❖ बाँकी अन्तिम पृष्ठमा

# अनधिकृत चिनीको आयात रोक्न उद्योगीको माग

झापा । नेपाल चिनी उद्योग संघले अनधिकृत रूपमा भइरहेको चिनीको आयातले स्वदेशी चिनीको बिक्री नभई चिनी उद्योगहरु नै संकटमा पर्ने चिन्ता जाहेर गरेको छ ।

संघले खुला सिमानाका कारण भइरहेको अनियन्त्रित चिनीको पैठारीमा अविलम्ब रोक लगाउनु पर्ने माग सरकारसँग गरेको छ ।

स्वदेशी चिनीको सहज बिक्री-वितरण नभएको खण्डमा किसानलाई उखुको नियमित एवं सहज भुक्तानीमा समेत प्रतिकूल असर पर्ने विज्ञप्तिमा उल्लेख छ । उखु कृषकहरुलाई विगत ४/५ वर्षदेखि नियमित भुक्तानी भइरहेको दाबी संघको छ । देशभित्र १३ वटा चिनी उद्योगहरु सञ्चालनमा रहेको र यसमा १ लाख १५ हजार ७ सय ५५ उखु कृषक परिवार जोडिएको संघले उल्लेख गरेको छ । उद्योगहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष गरी ३० हजार ५ सय ३५ जनाले रोजगारी पाएको दाबी गरिएको छ ।



गत वर्षको क्रसिङ सिजनमा २ करोड १५ लाख ७२ हजार १ सय ४८ क्विन्टल उखु क्रसिङ गरिएको र त्यसबाट १८ लाख २५ हजार ३ सय ३२ क्विन्टल चिनी उत्पादन भएको संघले जनाएको छ । चिनीको वार्षिक माग २ लाख ५० हजार हजार मेट्रिक टन रहेको छ ।

संघले विज्ञप्ति जारी गरेर स्वदेशी उद्योगहरूलाई जोगाउन चिनीको आयातलाई नियन्त्रण गरिनुपर्ने भनेको छ । चिनीको आयातमा कायम गरिएको भन्सार दरलाई वृद्ध गरिनुपर्ने माग संघको छ ।

चिनी उद्योगको संरक्षणका लागि स्वदेशी उत्पादनको परिमाण एकिनपश्चात् नपुग हुने चिनीको कोटा निर्धारण गरी आयात अनुमति दिनुपर्ने, त्यस्तो आयात नेपाल खाद्य कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत मात्र गरिनुपर्ने संघले भनेको छ ।

अनधिकृत पैठारीका कारण गत सिजनमा उत्पादित चिनी हालसम्म पनि केही उद्योगमा मौज्दात रहन गएकाले चिनीको आयातमा कडाइ गर्नुपर्ने संघको माग छ । यस वर्ष उद्योगहरुमा उखु क्रसिङ सुरु भइसकेको छ । २ लाख २७ हजार मेट्रिक टन चिनी उत्पादन हुने अनुमान संघले गरेको छ ।

# इलाममा दुई लाख ३१ हजार मतदाता

इलाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि इलाममा दुई लाख ३१ हजार ८०९ जना मतदाता संख्या कायम भएको छ । निर्वाचनका लागि एक लाख १२ हजार १५८ महिला, एक लाख १९ हजार ६४८ पुरुष र अन्य तीनको मतदाता नामावली कायम भएको जिल्ला निर्वाचन कार्यालय इलामले जनाएको छ । आगामी निर्वाचनका लागि जिल्लामा १५० मतदान स्थल र २९० मतदान केन्द्र रहेको छ ।



गत निर्वाचनमा भन्दा आउँदो निर्वाचनका लागि पाँच वटा मतदान केन्द्र थप गरिएकोनिर्वाचन कार्यालयका सुचना अधिकारी कृष्ण लिम्बूले जानकारी दिए । लिम्बूका अनुसार यसपटक सूर्योदय नगरपालिका-१२, करफोक माध्यमिक विद्यालयमा एक, इलाम नगरपालिका-८ को विद्या सिर्जनात्मक माविमा एक, चुलाचुली-२ को जनता माविमा एक, देउमाईको डम्बरदेवी माविमा एक र माईजोगमाई-५ को सिरिसे माविमा एक गरी पाँच वटा मतदान केन्द्र थप भएको हो ।

'अहिले अस्थायी मतदाताको नामवली सङ्कलन र निर्वाचनका लागि आवश्यक कर्मचारी विवरण कार्यालयसँग माग गरिएको छ' लिम्बूले भने, 'अस्थायी मतदाताका रूपमा रहने कैदी बन्दी, नेपाल प्रहरी, नेपाली सेना, शसस्त्र प्रहरी, निर्वाचनमा खटिने कर्मचारीको विवरण सङ्कलन हुने छ ।'

# विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

अर्जुनधारा । प्रवास नेपाली सम्पर्क समिति भर्जिनिया अमेरिकाको आर्थिक सहयोगमा न्यानो कपडा वितरण कार्यक्रम सम्पन्न भएको छ । अर्जुनधारा नगरपालिकाभित्रका तीन सामुदायिक विद्यालयहरु चन्द्रोदय आधारभूत विद्यालयका ४२ जना, बालज्योती आधारभूत विद्यालयका ४७ जना र जुनकीरी सार्वजनिक आधारभूत विद्यालयको ७१ जना गरि १६० जना अति विपन्न विद्यार्थीहरुलाई न्यानो कपडा ट्र्याकसुट वितरण गरिएको हो । अति विपन्न अभिभावकका नानीबाबुहरु जाडोको कारण नियमित विद्यालय नआउने दैनिक ज्यालादारी गर्ने अभिभावकहरुले आफ्नो दैनिकी खानपिन नै ब्यवस्थापन गर्न नसकी रहेको अवस्थालाई हेरि प्रवासमा रहनु हुने सहयोगीहरुको समन्वयमा यो न्यानो ट्र्याकसुट कपडा दिएर बिद्यालयहरुको मागलाई ब्यवस्थापन गरिएको कार्यक्रमकी प्रमुख अतिथि विघटित प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगरले बताइन् ।

कार्यक्रम चन्द्रोदय आधारभूत विद्यालयका प्रधानाध्यापक टंक आचार्य ,विद्यालय व्यवस्थापन समिति अध्यक्ष कुमार कार्की , बालज्योती आधारभूत बिद्यालयकी प्रधानाध्यापक पुजा भारती, विद्यालय ब्यवस्थापन समिति अध्यक्ष बिजय कुँवरलगायतले बालबालिकाहरुको मुहारमा हाँसो र नियमित बिद्यालय आउने वातावरण बनाइदिएकोमा प्रवास नेपाल सम्पर्क समिति भर्जिनिया अमेरिकालाई धन्यवाद व्यक्त गरेका थिए । बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष जगतबहादुर मगरको अध्यक्षतामा संचालित कार्यक्रममा स्वागत कृष्ण शेर्मा र बिनम अधिकारीले गरेका थिए भने कार्यक्रम सहजीकरण जुनकीरी आधारभूत बिद्यालयका प्रधानाध्यापक रन्जित परियारले गरेका थिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ